# काठमाडौँ महानगरपालिका

## यँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ८) काठमाडौँ, पौष १७ गते, २०८१ साल

## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको लागि जानकारीको लागि प्रकाशन गरिएको छ ।

# काठमाडौँ महानगरपालिका आर्थिक ऐन (पहिलो संशोधन), २०८१

**प्रस्तावना** : काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वान्छनीय भएकोले, काठमाडौँ महानगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "काठमाडौँ महानगरपालिका आर्थिक ऐन (पहिलो संशोधन), २०८१ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०८१ को दफा २ मा संशोधन** : काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०८१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको:-

(१) "(घ) काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०८० मा भएको जग्गाको मूल्याङ्कन दर प्रति आना ।"

३. **मूल ऐनको दफा ४ अन्तर्गत अनुसूची-५ मा संशोधन** : मूल ऐनको दफा ४ अन्तर्गत अनुसूची-५ अन्तर्गतको बहाल करको दर अन्तर्गत क्रमसङ्ख्या (३) पछि देहायको क्रमसङ्ख्या (४) थप गरिएको:

(१) "(४) साविकमा नेपाल सरकार आन्तरिक राजश्व कार्यालयमा बहाल कर तिरेका करदाताहरुको हकमा बहाल कर बुझाउन बाँकी भएको आर्थिक वर्षदेखि निरन्तर रुपमा काठमाडौँ महानगरपालिकामा बहाल कर दाखिला गर्न प्रतिबद्धता जनाउन लगाई बहाल कर असुल उपर गर्ने ।"

४. **मूल ऐनको दफा १४ अन्तर्गत अनुसूची-१३ मा संशोधन** : मूल ऐनको दफा १४ अन्तर्गत अनुसूची-१३ मा संशोधन:

(१) खण्ड (ख) को क्र.स. ३८ पश्चात देहाय बमोजिमको क्र.स. ३९ थप गरिएको:

"(३९) बालाजु बाइसधारा- विवाह फोटोसुट (प्रति विवाह) रु.१,५००।-

(२) राजश्व सङ्केत नं. १४२२१ न्यायिक दस्तुरको क्र.स. ४ को सट्टा देहाय बमोजिम क्र.स. ४ राखिएको:-

"(४) उजुरी पत्र वा लिखित जवाफ रु. २००।- (तर लैङ्गिक हिंसा प्रभावित, बेवारिस, अनाथ, अपांगता भएको व्यक्ति, मानव बेचबिखत तथा ओसार पसारमा परेका व्यक्ति, कानुनी सहायता माग गर्ने निवेदन नि:शुल्क)"

(३) राजश्व सङ्केत नं. १४२२३ शिक्षा क्षेत्रको आम्दानीअन्तर्गत देहायको व्यवस्था थप गरिएको:

"विद्यालयमा लेखा परीक्षक नियुक्ति शुल्क- रु.५००।-"

"होस्टल अभिलेखीकरण/अनुमति दस्तुर - रु. १०,०००।-"

(४) राजश्व सङ्केत नं. १४२२९ अन्य प्रशासनिक सेवा शुल्कअन्तर्गत खण्ड (ख) स्वास्थ्यसम्बन्धी क्र.स. १४ पछि देहायबमोजिमको क्र.स. १५ थप गरिएको:

"(१५) क्लिनिक फिल्ड पोस्टिङ शुल्क प्रतिविद्यार्थी पिसिएल तहका लागि रु. १,०००।- र स्नातक तहका लागि रु. १,५००।-"

(५) राजश्व सङ्केत नं. १४२४२ भवन निर्माण नक्सा प्रमाणितसम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) र (ङ) थप गरिएको:

"(घ) कार्यालयका प्राविधिक कर्मचारीबाट नागरिक सुरक्षामा असर नपर्ने, भवन संरचना सुरक्षित रहेको र त्यस्तो भवनले भवन संहिताको पालना गरेको प्रतिवेदन पेस भएपछि मात्र त्यस्तो भवन अभिलेखीकरण तथा प्रमाणीकरण गर्न योग्य भएको मानिनेछ।"

"(ङ) काठमाडौँ महानगरपालिका क्षेत्रभित्रको सम्पदा क्षेत्रमा परम्परागत शैली झल्कने सम्पदामैत्री भवन निर्माण गर्न भवन निर्माण इजाजत माग गरेमा लाग्ने दस्तुरमा पचास प्रतिशत दस्तुर छुट हुनेछ।"

मिति: २०८१।९।१७

**आज्ञाले**

**(गोविन्द प्रसाद शर्मा)**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**